संसारका मजदुर तथा उत्पीडित जनता एक होऔं ! मार्क्सवाद-लेनिनवाद-माओवाद- जिन्दावाद !

# क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल
## Revolutionary Communist Party of Nepal
केन्द्रीय समिति
Central Committee

पत्र संख्या/Serial No.
चलानी नं./Regd. No.

मिति : ....................................

## प्रेस वक्तव्य

आजभन्दा १५६ वर्ष पहिले २२ अप्रिलका दिन विश्व सर्वहारावर्ग तथा उत्पीडित जनताको मुक्तिका मार्गनिर्देशक लेनिनको जन्म भएको थियो । त्यही जन्मदिन पारेर आज भन्दा ७७ वर्ष पहिले पुष्पलाल र उहाँका सहयोद्धाहरुले नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरेका थिए । त्यसकारण हामी यस दिनलाई विशेष रुपमा स्मरण गर्न चाहन्छौं ।

लेनिनलाई सम्झनुको अर्थ साम्राज्यवाद भनेको युद्ध हो भन्ने लेनिनवादी मान्यतालाई आत्मसात गर्नु र साम्राज्यवादी युद्धलाई क्रान्तिमा बदल्ने प्रतिबद्धता जाहेर गर्नु हो । तेस्रो विश्वयुद्ध तर्फ उन्मुख हुँदै गएको आजको मध्यूर्वको भयावह स्थितिले लेनिनवादको सान्दर्भिकतालाई पुन: पुष्टि गरेको छ । त्यसै गरी पार्टी स्थापना दिवस मनाउनुको अर्थ किन ७७ वर्षसम्म नेपालमा क्रान्ति सम्पन्न हुन सकेन ? भनेर आफैमाथि प्रश्न उठाउने र इतिहासको ठोस विश्लेषण सहित नयाँ जनवादी क्रान्तिको खुडकिलो पारगरी वैज्ञानिक समाजवादमा अघि बढ्ने प्रतिबद्धता जाहेर गर्नु हो ।

नेपाली समाजको विकास प्रक्रियामा आज नव-उपनिवेशवाद बाधक बनेर आएको छ । यो अवस्थाबाट मुक्तिका निमित्त नेपालमा नयाँ जनवादी क्रान्तिलाई अगाडि बढाउन सच्चा कम्युनिस्टहरुका बीचमा सिद्धान्तनिष्ठ एकता र देशभक्त, क्रान्तिकारी जनवादी, वामपन्थी तथा कम्युनिस्ट लगायत सबै साम्राज्यवाद विरोधी शक्तिलाई संयुक्त मोर्चा निर्माणका लागि आह्वान गर्दै हामी त्यसको व्यावहारिक पहललाई अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

मिति : वैशाख ९, २०८३

..................

सुदर्शन
प्रवक्ता

सम्पर्क कार्यालय कुपण्डोल, सम्पर्क इमेल : rcp.nepal2023@gmail.com
Contact Office: Kupondole, Contact Email : rcp.nepal2023@gmail.com